# पाठ - 1
## नबी हुनु भन्दा पहिला अरबको स्तिथी

# الدرس الأول - نيبالي
## حالة العرب قبل البعثة

मुर्ती पुजा नै अरबमा प्रचलित धर्म थियो, र सही धर्मको बिरुद्ध मुर्ती पुजालाई धर्मको रुपमा धारण गर्नको कारणले नै त्यस अवधिलाई जाहेलियत अर्थात मुर्खताको नाम दिइएको छ, अल्लाह बाहेक जुन् प्रसिद्ध मुर्तीहरुको उनीहरुले पुजा गर्दै थिए भने त्यसको नाम लात, मनात, उज्जा, र होबल थियो, तर अरबमा केहि व्यक्तिहरु यस्तो पनि थिए जुन् यहुदि, क्रिश्चन, र मजुसी धर्मलाई धारण गरेको थिए, र उनीहरु मध्ये थोरै संख्यामा यस्तो व्यक्तिहरु पनि थिए जुन् इब्राहीम ﷷ को धर्म र बाटोलाई समातेका थिए ।
आर्थिक जीवनमा गाउँको क्षेत्रहरु पुर्ण रुपले चराउनु पर्ने जनावरहरु माथि निर्भर थियो, र शहरमा आर्थिक जीवन कृषि र व्यापार माथि निर्भर थियो, त्यसतै इस्लाम भन्दा पहिला अरब द्विपमा मक्का व्यापारको ठुलो शहर थियो, मदीना र ताएफ जस्तो केहि सांसकृतिक ठाउँहरु पनि थिए,
र यदि सामाजीक स्तरको कुरा गरौं भने चारै तिर अत्याचार फैलिएको थियो, कम्जोरलाई कुनै अधिकार थिएन, केटिहरुलाई जिउँदो गाडने रेवाज थियो, हराम कार्यहरु मज्जाले हुन्थ्यो, शक्तिशालीहरु कम्जोरको हक खाइरहेका थिए, उनीहरुले अन्गिनत विवाह गर्थे, व्यभिचार एउटा साधारण कुरा थियो, कुलहरुको बीच सानो सानो कुराले लडाइ भइहाल्थ्यो, यहाँ सम्म कि एउटै कुल भित्र आपसमा पनि लडाइ हुन्थ्यो इस्लाम प्रकाशित हुनु भन्दा पहिला अरब द्विपको स्तिथी संक्षिप्तमा यही थियो ।

## दोहरो बलिदानको छोरा

नबी ﷺ को बाजे अब्दुल मुत्तलिब माथि कुरैश कुलको मानिसहरु धेरै गर्व महसुस गर्थे किन भने उहाँले अधिक संख्यामा सन्तान र धेरै धन सम्पत्ति पाएका थिए र यस कारण अब्दुल मुत्तलिबले यो मन्नत मान्नु भयो कि यदि अल्लाहले मलाई दसवटा (१०) छोरा प्रदान गर्नु भयो भने त्यस मध्ये एउटालाई म भगवानको निकट बली दिन्छु , र यस्तै भयो, उहाँले दसवटा छोरा पाउनु भयो, जस मध्ये एक नबी ﷺ को पिता अब्दुल्लाह पनि हुनु हुन्थ्यो, त्यस पछि जब अब्दुल मुत्तलिबले आफ्नो मन्नत पुरा गर्न खोज्नु भयो त उहाँले आफ्नो सबै छोराको नाउमा चिठ्ठा निकालनु भयो, तर चिठ्ठा अब्दुल्लाहको नाउमा आयो, जब उहाँले अब्दुल्लाहको बली दिने प्रयास गर्नु भयो त सबै मानिसहरुले उहाँको बिरोध गर्नु भयो र त्यस्तो नगर्ने प्रस्ताव राख्नु भयो, ताकि समाजमा यो एउटा चलन र रेवाज न भइहालोस, र फेरि सबै यस कुरा माथि सहमत हुनु भयो कि अब्दुल्लाह र १० ऊँटको बीच चिठ्ठा निकालनु पर्छ , त्यो १० ऊँट चाहिं अब्दुल्लाहको सट्टामा हुन्छन, तर जब उनीहरुले चिठ्ठा गर्नु भयो त अब्दुल्लाहकै नाम आयो, त्यस पछि उनीहरुले दुइगुना अधिक ऊँट हाल्नु भयो तर पनि अब्दुल्लाहकै नाम आयो, त्यस पछि प्रत्येक पटक उनीहरुले ऊँटको संख्या बढाउँदै गए तर सँधै अब्दुल्लाहको नाम नै आउँथियो, यहाँ सम्म कि जब ऊँटको संख्या १०० पुग्यो त ऊँटको नाम आयो, र यस प्रकार अब्दुल मुत्तलिबले आफ्नो छोरा अब्दुल्लाहको नाउमा १०० ऊँट काटनु भयो ।
अब्दुल्लाह आफ्नो पिताको सबभन्दा प्रिय छोरा थिए, खास गरि उहाँको सट्टामा ऊँट काटिए पछि त अझै प्रिय हुनु भयो, र जब अब्दुल्लाह ठुलो हुनु भयो त उहाँको पिताले उहाँको लागि बनु जोहरा कि एउटि केटि आमेना बिन्ते वहबलाई रोजनु भयो, उहाँ सँग विवाह सम्पन्न भयो र आमेना गर्भवति भइ, गर्भको तीन महिना पछि अब्दुल्लाह एउटा व्यापारि समुह सँग सिरया तिर लाग्नु भयो, तर फर्केर आउँदा बाटोमा बिरामी हुनु भयो र मदिनामा आफ्नो मामा बनु नज्जारमा ठहरिनु भयो, र त्यहिं उहाँको देहान्त भयो र माटोको हवाला हुनु भयो ।
यता गर्भको समय पुरा भयो, र सोमवारको दिन मुहम्मद ﷺ जन्म लिनु भयो, तर उहाँको जन्म मिति बारे कुनै खास महिना र दिन तोकिएको छैन, कसैले ९ रबिउल अव्वल भन्छन त कसैले १२, कसैले रमजानको महिनामा जन्मिएको हो भन्ने गर्छन त कसैले कुनै अर्कै मिति भनेका छन , उहाँको जन्म ५७१ ई. स. मा भयो, र यसै बर्षले आमुल फिल अर्थात हाथीको साल भनिन्छ ।